नेपाल सरकार
# प्रधानमन्त्रीको निजी सचिवालय

फोन : ४४१४६... / ४२२८५...
फ्याक्स : ४४२८५...
बालुवाटार, काठम...
नेपाल ।

संख्या :
नं. :

मिति : ..................

२०७१ चैत्र १७ गते

विषय :

**प्रेस विज्ञप्ति**

**मन्त्रिपरिषद्को आकस्मिक बैठक सम्पन्न**

त्रिभूवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगञ्जका प्रा.डा. गोविन्द के.सी. ले चिकित्सा क्षेत्र सम्बन्धी विविध माग राखेर गर्नु भएको अनसन प्रति गंभीर ध्यानाकर्षण भई मन्त्रिपरिषद्को आकस्मिक बैठक बसेको छ ।बैठकले चिकित्सा शिक्षालाई व्यबस्थित, सुलभ र गुणस्तरीय बनाउन प्रा. केदारभक्त माथेमाको संयोजकत्वमा एक समिति कृयाशील रहेको यस अवस्थामा उक्त समितिको प्रतिवेदन पश्चात नीति र कानुन नवनेसम्म मेडिकल कलेजहरुलाई सम्वन्धन दिने सम्वन्धी कुनै पनि काम नगर्ने निर्णय गरेको छ । मन्त्रीपरिषद्को यो निर्णयले मुलुकको अधिकतम राजनैतिक प्रतिवद्धताको प्रतिनिधित्व गर्नुका साथै प्रा.डा. गोबिन्द के.सी.ले चिकित्सा शिक्षाको क्षेत्रमा सुधारका लागी उठाउनु भएका विषय तथा वहाँको अमूल्य जीवनको रक्षाका लागी प्रकट भएको जनमतको समेत सम्मान गरेको छ ।

प्रा.डा. गोविन्द के.सी.ले उठाउनु भएका विषयहरु नेपाल सरकारले विगत देखि नै उच्च प्राथमिकता दिएका बिषयहरु हुन र चिकित्सा शिक्षा सुधारका लागी सरकारका विगतका प्रयासहरु विधि र प्रकृयाको अधिनमा रही त्यही दिशामा केन्द्रीत रहेका छन् । डा. के.सी.ले त्रिभुवन विश्वविद्यालय र काठमाण्डौ विश्वविद्यालयका सम्बन्धमा उठाएका विषयमा सरकारले सम्वन्धित पदाधिकारीको ध्यानाकर्षण गराउनेनै छ । साथै डा. के.सी.ले उठाउनु भएको सम्वन्धन र विद्यार्थी भर्ना सम्वन्धी सवै विषयहरु उपर छानविन गर्न एक आयोग गठन गरिने छ र उठाइएका सवै विषयलाई आयोगले गंभीरतापूर्बक छानविन गर्ने छ भन्ने विश्वासका साथ उक्त आयोगले दिने सुझावहरु कार्यान्वयन गर्न सरकारले प्रतिवद्धता व्यक्त गरेको छ ।

मन्त्रिपरिषद्को आजको बैठकले अनसनरत प्रा.डा. गोविन्द के.सी. का मागहरुलाई सम्वोधन गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा.डा.गोविन्द राज पोखेल एवम मुख्य सचिव श्री लीलामणि पौड्याललाई संविधान, कानुन र विधिको शासनका मूल्य मान्यता र अधिकतम लचकताको परिधिभित्र रही वार्ता र आवश्यक सहमती गर्ने जिम्मेवारी दिने निर्णय गरेको छ ।

जय नेपाल !

प्रकाश अधिकारी
प्रेस सयोजक